# खेल विशेष





## पाँच दिने टेस्ट क्रिकेट नै रोमाञ्चकः बिराट कोहली

**लण्डन, ३० अगस्त :** भारतीय क्रिकेट टोलीका कप्तान बिराट कोहलीले क्रिकेटको बढ्दो व्यवसायिकरणप्रति चिन्ता व्यक्त गरेका छन्। उनले पाँच दिने टेस्ट क्रिकेटलाई चार दिनमा झार्नु नहुने राय समेत व्यक्त गरे। अर्को वर्ष टेस्ट च्याम्पियनसिप आयोजना गर्ने र म्याचलाई चार दिनमा झार्ने अन्तर्राष्ट्रिय क्रिकेट परिषद (आईसीसी) को योजनाबारे कोहलीले बोलेका हुन्। 'यदि तपाईं क्रिकेटलाई माया गर्नु हुन्छ भने पाँच दिने टेस्ट क्रिकेटको रोमाञ्चकता अवश्य महसुस गर्न सक्नुहुन्छ' उनले भने, 'टेस्ट क्रिकेटमा राम्रो प्रदर्शन गर्दाको आनन्द अर्कै हुन्छ। यो क्रिकेटको सबैभन्दा सुन्दर फम्र्याट हो।'

टेस्ट क्रिकेटको भविष्यका लागि टेस्ट च्याम्पियनसिपले ठूलो योगदान पुर्याउन सक्ने कोहलीको भनाइ छ। तर, टेस्ट म्याच पाँच दिनकै हुनुपर्ने उनको मत छ। विश्वभर टी–२० लिगको बाहुल्यता रहेको र यसले क्रिकेटलाई अत्यधिक व्यवसायिकरण गरेको उनले बताए। टी–२० क्रिकेटलाई भन्दा फर्ष्ट क्लास क्रिकेटलाई बढावा दिनुपर्नेमा कोहलीको जोड छ। 'यदि तपाईंले फर्ष्ट क्लास क्रिकेटलाई महत्व दिनुभएन भने खेलाडीहरुमा टेस्ट खेल्ने धैर्यता र रुची घट्न सक्छ' कोहलीले भने। ईंग्ल्यान्ड र वेल्स क्रिकेट बोर्डले आयोजना गर्न लागेको १०० बलको क्रिकेटमा सहभागी हुने सम्भावनालाई उनले खारेज गरे। यो फम्र्याट सन् २०२० बाट सुरु हुने छ, जसमा ६ बलका १५ ओभर र त्यसपछि १० बलको ओभर हुनेछ।

## आयोजक बन्न इङ्ल्यान्डको दाबेदारी

**लन्डन, ३० अगस्त :** इङ्ल्यान्ड फुटबल संघ (एफए) ले बुधबार २०२१ को महिला युरोपियन च्याम्पियनसिप आयोजनाका लागि दाबेदारी प्रस्तुत गरेको छ। युइएफएले प्रतियोगिताको दाबेदारीका लागि शुक्रबारसम्मको समय तोकेको थियो। हंगेरी र अस्ट्रियाले यसअघि नै प्रतियोगिता आयोजनाको दाबेदारी घोषणा गरिसकेका छन्। युइएफएले २०२१ को महिला युरोपियन च्याम्पियनसिप आयोजकको निर्णय डिसेम्बर ३ मा गर्नेछ।

'हामी २०२१ को महिला युरोपियन च्याम्पियनसिप अहिलेसम्मको ठूलो र भव्य बनाउन चाहन्छौं,' एफएका प्रमुख मार्टिन ग्लेनले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'हामीले लक्ष्य मात्र लिएका छैनौं। हामीसँग भएका संरचना र अनुभवका आधारमा हामी प्रतियोगिता सम्झनलायक बनाउनेमा विश्वस्त छौं।'

## दक्षिण कोरिया फाइनलमा

**बोगार, ३० अगस्त :** दक्षिण कोरियाले बुधबार भियतनामलाई ३–१ ले पराजित गर्दै एसियाली खेलकुदअन्तर्गत पुरुष फुटबलको फाइनलमा स्थान पक्का गरेको छ। यस जितसँगै स्ट्राइकर सन ह्युङ–मिनले व्यावसायीक खेलजीवनलाई निरन्तरता दिने सम्भावना पनि जीवित राखेका छन्। इन्डोनेसियामा दक्षिण कोरियाले स्वर्ण पदक नजितेमा सनले अनिवार्य रूपमा २१ महिने सैन्य तालिम गर्नुपर्छ। यसले उनको व्यावसायिक खेलजीवनमाथि धक्का लाग्न सक्छ।दक्षिण कोरियाको जितमा लि सुङ वोले २ र ह्वाङ वी जोले १ गोल गरे। भियतनामका भोङले सान्त्वना १ गोल गरे पनि टोलीलाई हारबाट जोगाउन सकेनन्। दक्षिण कोरियाले शनिबार हुने फाइनलमा जापान र युएईबीचको विजेतासँग प्रतिस्पर्धा गर्नेछ।

# अफगान क्रिकेटको यात्रासँगै चम्किएका नाबी

**काबुल, ३० अगस्त :** अफगानिस्तानमा क्रिकेट कसरी माथि चढ्दै गयो भनेर बुझ्न धेरै पछाडि फर्कनु पर्दैन। सन् २००१ मा मात्रै राष्ट्रिय टिम बनाएको अफगानिस्तानले क्रिकेटमा छोटो समयमा गरेको प्रगति लोभलाग्दो छ। सन् २००८ मा आईसीसी विश्व क्रिकेट लिग डिभिजन फाइभमा रहेको अफगानिस्तानले २०१७ मा पूर्ण सदस्यता पाउँदासम्मको यात्रा रोचक छ। १९ औं शताब्दीमा बेलायतीले अफगानिस्तानमा क्रिकेट सुरु गरेको भए पनि १९९० को दशकमा अफगानिस्तानीहरु पाकिस्तानको शरणार्थी क्याम्पमा रहँदा क्रिकेटमा भिजेका थिए। २००० तिर उनीहरु देश फर्कन थालेसँगै क्रिकेट पनि भित्रियो। त्यसपछि २००१ मा राष्ट्रिय टिम बनाइएको हो।

१७ वर्षको क्रिकेट यात्रामै टेस्ट राष्ट्रको मान्यता पाएको अफगानिस्तानमा चम्किएका एक खेलाडी हुन्, मोहम्मद नाबी। अफगानिस्तानमा सोभियत युद्ध चलिरहेका बेला पाकिस्तानको पेशावर पुगेका नाबीले पाकिस्तानमै क्रिकेट सुरु गरेका थिए। २००९ मा आईसीसी विश्व क्रिकेट लिग डिभिजन थ्रीदेखि राम्ररी



चिनिएका नाबीले अहिले टी ट्वान्टी वरियतामा बंगलादेश र श्रीलंकाभन्दा अघि पुग्दासम्म धेरै नै योगदान गरेका छन्। विशेष त सीमित ओभरको क्रिकेटमा नाबीले आफ्नो नाम विश्व क्रिकेट जगतमा चम्काइरहेका छन्। इन्डियन प्रिमियर लिगमा होस् वा बिग बास लिग र क्यारेबियन प्रिमियर लिग नाबीको नाम छुटेको छैन। अफगानिस्तानको पहिलो टेस्ट खेलेर इतिहास बनाएका नाबीले अहिले एकदिवसीयमा सयौं खेल खेल्ने पहिलो अफगानी खेलाडी बनेर अर्को इतिहास बनाउँदै छन्। आयरल्याण्डसँग एकदिवसीय सिरिज खेलिरहेको अफगानिस्तानबाट नाबीले सयौं एकदिवसीय पूरा गरेका छन्। उनै नाबीको क्रिकेट यात्राका केही महत्वपूर्ण समयलाई आईसीसीले समेटेको छ।

विश्वकप सन् २०११ को छनोटका लागि २००९ मा भएको प्रतियोगिता अफगानिस्तानका लागि नौलो भयो। नेट रन रेटमा केन्याभन्दा पछि परेर अफगानिस्तानको विश्वकप यात्रा टुंगियो। विश्वकपमा नपुगेपनि अफगानिस्तानले एकदिवसीय मान्यता पाउनु ठूलो उपलब्धी भयो। त्यही एकदिवसीय मान्यता पाउने खेलमा नाबीको प्रदर्शन सम्झनलायक रह्यो। पाँचौ स्थानको प्ले अफमा स्कटल्याण्डलाई ८९ रनले हराएको खेलमा नाबीले ५८ रन बनाएका थिए। जसमा उनी प्लेयर अफ दि म्याच भए। २०१५ मा पहिलोपटक विश्वकप खेल्दा नाबी टिमको कप्तान थिए। त्यसमा राम्रो भूमिका खेलेका नाबीको अफगानिस्तानलाई २०१९ मा हुने क्रिकेट विश्वकपमा लैजान पनि प्रमुख योगदानछ।

१४ देशले विश्वकप खेल्दा २०१५ को पहिलो विश्वकप सहभागितामा कमजोर देखिए पनि अफगानिस्तानको क्रिकेट यात्रा झनै राम्रो हुँदै गयो। यसैले १० देश मात्र सम्मिलित आउँदो विश्वकपमा पुग्दा उत्कृष्ट प्रदर्शनले नाबीको क्षमता बढेको छ। अफगानिस्तानले आईसीसीको पूर्ण सदस्य जिम्बावेलाई २०१५ मा भएको एकदिवसीय सिरिजमा हराउन सक्नु अर्को ठूलो उपलब्धी हो। जसमा उनै नाबी प्लेयर अफ दि सिरिज भएका थिए। पाँच खेलको सिरिजमा २–१ ले पछि परेको अवस्था उल्टाउँदै अफगानिस्तानले ३–२ ले सिरिज जितेको थियो। त्यस समय नाबीले ब्याटिङबाट मात्रै होइन बलिङबाट पनि आफ्नो उत्कृष्ट क्षमता देखाएका थिए।

२००९ मा पहिलोपटक एकदिवसीय खेलेपछि ४४ खेलाडीले अफगानिस्तानबाट एकदिवसीय खेलिसकेका छन्। त्यसमा उनै नाबी धेरै रन र धेरै विकेटको लिस्टमा अग्र स्थानमा छन्। ९९ खेलमा उनले २ हजार २ सय ८८ रन बनाएका छन् भने १ सय ५ विकेट लिएका छन्। एकदिवसीयमा अलराउण्डरको लिस्टमा दोस्रो नम्बरमा रहेका नाबी आफ्नो सबै कीर्तिमानहरु तोर्डिंदा नै खुसी मिल्ने बताउँछन्।

# यूएईसँग ७८ रनले पराजित नेपाल, अबको यात्रा कठिन



**काठमाडौं, ३० अगस्त :** एसीसी एसिया कप छनोट प्रतियोगिताको दोस्रो तथा तेस्रो एकदिवसीय खेलमा पनि नेपालले हार व्यहोरेको छ। युएइले दिएको २५५ रनको लक्ष्य पछ्याएको नेपालले ४८ दशमलव ५ ओभरमा सबै विकेट गुमाउँदै १ सय ७६ रनमात्रै बनाउन सक्यो। नेपालका लागि सुवास खकुरेलले सुस्त गतिमा ५० रन बनाएपनि जितका लागि त्यो पर्याप्त हुन सकेन। नेपालका अन्य व्याट्सम्यानमा दिपेन्द्रसिंह ऐरिले ४० रन, सोमपाल कामीले २७ र कप्तान पारस खड्काले १६ बनाए पनि अरुको प्रदर्शन सम्झनलायक रहेन। नेपालको इनिङ ध्वस्त पार्ने क्रममा युएइका अहमद राजाले ४ र मोहम्मद नावेदले महत्वपूर्ण ३ विकेट लिए।

यसअघि पहिले व्याटिङ गरेको युएइले निर्धारित ५० ओभरमा ९ विकेटको क्षतिमा २५४ रन बनाएको थियो। युएइका लागि असफाक अहमदले ४५, चिराग सुरीले ६५, रमिज सहजादले ३५, मोहम्मद उस्मानले १३ र अदान मुफ्तीले इनिङको अन्त्यतिर आक्रामक इनिङ खेल्दै ५७ रनको पारी खेलेका थिए। नेपालका लागि बलिङतर्फ सन्दीप लामिछानेले १० ओभरमा २ मेडन राख्दै २४ रन खर्चेर महत्वपूर्ण ४ विकेट लिए। योसँगै ओडीआइमा सन्दिपले पहिलोपटक ४ विकेट लिएका थिए। यस्तै वसन्त रेग्मी र सोमपाल कामीले पनि समान २–२ विकेट लिएका थिए। हारसँगै नेपालको एसिया कपसम्म पुग्ने यात्रा कठिन बनेको छ। बुधबारको पहिलो खेलमा ओमनले नेपाललाई ७ विकेटले पराजित गरेको थियो। अब बाँकी रहेका ३ खेल नेपालले जितेपनि अरु टिमको प्रदर्शनमा पनि भर पर्नु पर्नेछ। ६ टोली सम्मीलित प्रतियोगिताको उपाधी विजेताले एसिया कपमा सहभागिता जनाउनेछ।

# ओजिलको आरोप कपोलकल्पितः लोउ

**म्युनिख, ३० अगस्त :** जर्मनीका प्रशिक्षक जोचिम लोउले मिडफिल्डर मेसुट ओजिलले जर्मन फुटल संघ (डिएफबी)माथि लगाएको जातीय दुर्व्यवहारको आरोपको खण्डन गरेका छन्। ओजिलको संन्यासको बारेमा पहिलो पटक सार्वजनिक धारणा व्यक्त गरेका लोउले उनको आरोप कपोलकल्पित र निराधार रहेको बताएका हुन्। आर्सनलका मिडफिल्डर ओजिलले गत महिना जर्मन फुटबल संघ (डिएफबी) का अध्यक्ष, प्रायोजक र सञ्चारमाध्यमलाई सम्बोधन गर्दै ४ पेज लामो पत्र लेखेर अन्तर्राष्ट्रिय फुटबलबाट संन्यासको घोषणा गरेका थिए। जर्मनीले २०१४ को विश्वकप उपाधि जित्दा टोलीका प्रमुख सदस्य रहेका ओजिलले आफूमाथि निरन्तर जातीय दुर्व्यवहार भैरहँदा पनि डिएफबीका अध्यक्ष रेनार्ड ग्रिन्डेलले कुनै प्रतिक्रिया नजनाएपछि आफू निराश भएको उल्लेख गरेका थिए।



'आप्रवासी पृष्ठभूमि भएका खेलाडीमाथि कुनै भेदभावपूर्ण व्यवहार भएको छैन। सबै खेलाडीलाई समान व्यवहार गरिँदै आएको छ।' 'ग्रिन्डेल र उनका समर्थकको आँखामा जर्मनीले जित्दा म जर्मन खेलाडी भएँ भने टोलीले हार्दा म आप्रवासी भएँ,' विश्वकपअघि टर्कीका राष्ट्रपति इर्डोगानसँगको भेटको कुनै राजनीतिक उद्देश्यले नभएको भन्दै २९ वर्षे ओजिलले भनेका थिए, 'मेरो दुईवटा मुटु छ। एउटा जर्मनीको र अर्को टर्कीको।' 'ओजिलले जातीय दुर्व्यवहारको आरोप लगाएका छन्, तर म दाबीका साथ भन्न सक्छु, डिएफबीले कहिले कुनै खेलाडीमाथि जातीय दुर्व्यवहार गरेको छैन,' फ्रान्सविरुद्ध सेप्टेम्बर ६ मा र ९ मा पेरूविरुद्ध हुने मैत्रीपूर्ण खेलका लागि टोलीको घोषणा कार्यक्रममा लोउले भने, 'आप्रवासी पृष्ठभूमि भएका खेलाडीमाथि कुनै भेदभावपूर्ण व्यवहार भएको छैन। सबै खेलाडीलाई समान व्यवहार गरिँदै आएको छ।'लोउले २००६ देखि जर्मन टोलीको प्रशिक्षण सम्हाल्दै आएका छन्। 'ओजिलको संन्यासबारे मैले मेरो सल्लाहकारले भनेपछि मात्र थाहा पाएँ,' लोउले भने, 'यसअघि खेलाडीले संन्यास घोषणा गर्दा सम्बन्धित फुटबल संघ र प्रशिक्षकसँग छलफल गर्ने चलन थियो, 'मैले पछिल्लो २ सातादेखि ओजिलसँग सम्पर्क गर्ने प्रयास गरे पनि उनी अहिलेसम्म मेरो सम्पर्कमा आएका छैनन्। उनले रोजेको बाटो स्वीकार गर्नुको विकल्प छैन।' गत मेमा टर्कीका राष्ट्रपति रेसेप तायिप इर्डोगनसँग भेटेको तस्बिर सार्वजनिक भएसँगै जर्मन राष्ट्रिय फुटबल टोलीप्रति ओजिलको इमानदारितामा प्रश्न उठेको थियो।

# मेसीलाई आफ्नै देशमा गाली!

**लण्डन, ३० अगस्त :** विश्व फुटबलका सुपरस्टार लियोनल मेस्सी विश्वभर चर्चित छन्। तर हालै मेस्सीले आफ्नै देशमा गाली पाएको खबर निकै चर्चामा रहेको छ। एक महिला समर्थकलाई अटोग्राफ नदिएपछि मेस्सीले उनीबाट आलोचना खेप्नु परेको हो। मेस्सीलाई आलोचना गरिएको भिडियो सार्वजनिक भएपछि यतिबेला उक्त भिडियो भाइरल भएको छ। लियोनल मेस्सी अर्जेन्टिनामै रहेका बेला विभिन्न समर्थकहरु उनीसँग फोटो खिचाउन तथा अटोग्राफ माग्न आएका थिए। तर मेस्सीले ती महिलालाई नै किन ध्यान दिएनन्?



अर्जेन्टिनी पत्रकारका अनुसार ती महिलाले 'रोजारियो' क्लवको जर्सी लगाएकी थिइन्। मेस्सीभने वाल्यकालदेखिनै 'निवेल्स ओल्ड ब्वाइज'का खेलाडी थिए। अर्जेन्टिनामा रोजारियो र नियोल्स क्लवलाई चिरप्रतिद्वन्द्वी मानिन्छ। रोजारियोको जर्सीमा अटोग्राफ दिनु बार्सिलोनाका खेलाडीले रियल मड्रिडको जर्सीमा अटोग्राफ दिए बराबर बुझिन्छ। त्यसैले मेस्सीले उनलाई ध्यान नदिएको बताइएको छ। उनले भिडियो खिचिरहेकी थिइन्। पछि अटोग्राफ नपाएपछि ती महिलाले मेस्सीलाई अर्जेन्टिनी भाषामा 'पेचो फ्रियो' भनेकी थिइन्। जसको अर्थ 'कठोर मन' अथवा 'आत्माविहीन' भएको बुझिने बताइएको छ।

# रोनाल्डोले सन्यास लिनु उपयुक्तः प्लाटिनी

**पेरिस, ३० अगस्त :** यूभेन्ट्सका पूर्व स्टार मिड–फिल्डर माइकल प्लाटिनीले क्रिस्टियानो रोनाल्डो यूभेन्ट्समा जानु असहज भएको बताएका छन्। कीर्तिमानी खेलाडी प्लाटिनीले पाँच पटकका 'बालुन डि' ओर' अवार्ड विजेता क्रिस्टियानो रोनाल्डोले ३३ वर्षको उमेरमा नयाँ क्लवबाट खेल्नुभन्दा सन्यास लिनु वेश भएको बताएका हुन्। रियल मड्रिड छाडेर नयाँ क्लवको चुनौती सामना गर्ने रोनाल्डोको इच्छाले आफूलाई चकित बनाएको प्लाटिनीको भनाइ रहेको छ। प्लाटिनीले युभेन्ट्सबाट उत्कृष्ट प्रदर्शन गरेपछि सन् १९८३, १९८४ र १९८५ मा बालुन डि ओर अवार्डबाट प्राप्त गरेका थिए। प्लाटिनी फ्रान्सका पूर्व प्रशिक्षक



समेत हुन्। उनी सन् २०१५ मा युरोपेली फुटबल संघ (यूइएफए)का अध्यक्ष हुँदाहुँदै अनुशासन तोडेको आरोपमा बर्खास्त भएका थिए। प्लाटिनीले भने,'जब म ३२ वर्षको थिए। मलाई राम्रा र उत्कृष्ट क्लवहरुले अफर गरेका थिए। तर मैले फुटबलबाट सन्यास लिन उपयुक्त ठाने, किनभने म थाकिसकेको थिए।' यद्यपि उनका भनाइहरु रोनाल्डोको लक्ष्यसँग मिल्दैन्।